# ऐतिहासिक पत्र-स्तम्भ

श्री

श्री ५ सर्कार श्रीशिव
२ ३
श्रीवाज्याज्यू श्रीवावाज्यू
१ ४

स्वस्तिश्री काजी मेघगंभीरसिंह वस्न्यात कस्य पत्रम् आगे धनपतिपाध्या वृहस्पतिपाध्या महिपतिपाध्या गोताम्या भाई गैह्र स्मेतके चयनपुरका अम्वल सिद्धिपुरमा लडाइ हुंदा हाम्रा— वाट हानमार गरी वषतसुन्दर हिटि र वनराजि वघैंचा वनाइ"२" मा विन्ति पारी त्यो गुठिजगाको लालमोहर गराइ तिम्रा वावा तुलाराम पाध्या गोताम्यालाइ कुल कविता स्मेत लगि वस भनि राष्याको रहेछ पछि तिह्नरुले पौवा वनाइ—३— स्थापना गरि जातजातका विरुवा लगाइ वघैंचा गुलजार गर्दा १ बाट वन्दोवस्त गरि दिया वमोजिम"४"वाट पनि दस्कत गरि दियाको रहेछ आज हामिवाट पनि सो वमोजिम थामि दियाकै छ वघैंचामा जातजातका विरुवा लगाउनु गाउ घर गुलजार गर्नु हिटि वघैंचाको चिताय नगरि हेमायत गर्न्या रैतिलाई गाउंघरमा नराषनु गुठिका षेत पाषाको पैदावार जो उठ्छ तेसले पौवा हिटि वघैंचाको ममंत र रोजरोजका पूजाको षर्च अक्षता गर्नु नाग पंचमिमा ब्राह्मण भोजन गराउनु गुठिभित्रका कुरियालाइ वघैंचाको काम लगाउनु जोगि संन्यासी फकीर फकेडा ब्राह्मण भलाआदमी आउदा वेलावेलाको फलफुल जो आया पनि दिनु सालिदा ताहाको फलफुल र कागती ज्यांविर निवुवाको चुक् तेस वघैंचामा फल्याका रुद्राक्ष ठुलाठुला दाना हामिसंग दाखिला गर्नु भंन्या वंदेज वांधी अघि भयाका लालमोहर मुषतियार भरभारादारका दस्कत र"१ ४ हरूबाट गरिदिनु भयाका दस्कत वमोजीम आजसम्म तिमिहरूले चर्च्या वेहोर्न्याका गुठिको जगा षेत पाषो आज हामिबाट पनि थामि दस्कत गरिदिन्यु आफ्ना षातिरज्मासग जगा अवाद गुलजार गरि २"को जय मनाइ हामि लाइ आसीरवाद चलं गरि वस इति सम्वत १९०७ साल मिति फागुण वदि १२ रोज ५ शुभम्—

नरपतिपाध्यागौतम

भज्याङखर्क वडा नं ८ चैनपुरबाट
प्राप्त